# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, माघ १५ गते, २०८२ साल (संख्या ६०

## भाग ३

## निर्वाचन आयोगको

### सूचना

**संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ३७**

**राजनीतिक दल सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०८२**

राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "राजनीतिक दल सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ५ मा संशोधन** : राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को,-

(१) उपनियम (१) मा रहेका "महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको बीस प्रतिशत वा सो भन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यले एकैपटक" भन्ने शब्दहरूको सट्टा "केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालिस प्रतिशत सदस्यले" भन्ने शब्दहरू र सोही उपनियमको खण्ड (ग) मा रहेका "महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको बीस प्रतिशत वा सो भन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यले एकैपटक" भन्ने शब्दहरूको सट्टा "केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालिस प्रतिशत सदस्यले" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (५) मा रहेका "महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको बीस प्रतिशत वा सो भन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यको एकैपटक" भन्ने शब्दहरूको सट्टा "केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालिस प्रतिशत सदस्यको" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) उपनियम (१) बमोजिम सङ्घीय संसदको संसदीय दलको चालिस प्रतिशत वा सो भन्दा बढी सदस्यले छुट्टै दल बनाउन निवेदन दिएकोमा त्यसरी निवेदन दिने सदस्यहरू संसदीय दलको चालिस प्रतिशत वा सो भन्दा बढी रहे नरहेको सम्बन्धमा आयोगले सङ्घीय संसद सचिवालयमा पत्राचार गरी बुझ्न सक्नेछ।"

३. **<u>मूल नियमावलीको अनुसूची-५ मा संशोधन</u>** : मूल नियमावलीको अनुसूची-५ मा रहेका "महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको बीस प्रतिशत वा सो भन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यले एकैपटक" भन्ने शब्दहरूको सट्टा "केन्द्रीय समिति र सङ्घीय संसदका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संसदीय दलका कम्तीमा चालिस प्रतिशत सदस्य भई" भन्ने शब्दहरू र सोही अनुसूचीको क्रमसङ्ख्या ४ को खण्ड (च) मा रहेका "महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको बीस प्रतिशत वा सो भन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यले एकैपटक" भन्ने शब्दहरूको सट्टा "केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालिस प्रतिशत सदस्यले" भन्ने शब्दहरू राखिएका छन्।

**आज्ञाले,**
**कृष्ण बहादुर राउत**
**सचिव।**

मुद्रण विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।